जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ | अंक १२४ | २०८० साल मंसिर २८ गते बिहीबार (14 Dec. 2023 Thursday) | मूल्य रु. ५/-

**डेंगुबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : विदेश पठाउन फर्जी कागज... ३ पृष्ठमा : नगर प्रमुखले अधिकृतलाई ... ३ पृष्ठमामानवअधिकार संरक्षणका लागि ...

# प्रअ र व्यवस्थापन समिति अध्यक्षले विद्यार्थी कुटे, विरोधमा सम्पूर्ण विद्यार्थी सडकमा



**दैनिक समाचारदाता**
**राजविराज, २७ मंसिर ।**

राजविराज नगरपालिका वडा नं. १६ बोरियास्थित नरेन्द्र मेमोरियल जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षले विद्यार्थीलाई कुटेर घाइते बनाएपछि बुधबार सो विद्यालयका सम्पूर्ण विद्यार्थीहरु आन्दोलित भई सडकमा उत्रेका छन् ।

मनपरि लिएको शुल्क वापतको रसिद माग्दा प्रधानाध्यापक रमानन्द सुनरैत र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रितेश यादव मिलेर कक्षा १० मा अध्ययनरत बिकास मण्डल र रोशन साहलाई कुटेर घाइते बनाएका हुन् ।

अघिल्लो दिन मंगलबार भएको घटनामा घाइते भएका दुबै जनाको स्थानीय गजेन्द्र नारायाण सिंह अस्पताल राजविराजमा उपचार भइरहेको छ ।

मण्डल र साहलाई प्रअ सुनरैत र व्यवस्थापन समितिका अध्यक्ष यादवले विद्यालयको एउटा कोठमा थुनेर रड र लट्ठीले पैतालादेखि अनुहारसम्ममा कुटेको उनका सहपाठीहरुले बताएका छन् ।

अध्यक्ष र प्रअलाई निलम्बन गरी कडा कारवाही हुनु पर्ने माग गर्दै विद्यार्थीहरुले राजविराजमा दिनभरी प्रर्दशन गर्नुका साथै जिल्ला प्रहरी कार्यालय र राजविराज नगरपालिका कार्यालय अगाडी एक घण्टा धर्ना दिई नाराबाजी समेत गरेका छन ।

आक्रोशित विद्यार्थीहरुले प्रअ र व्यवस्थापन समितिका अध्यक्षको पुत्ला दहन गर्नुका साथै बजार क्षेत्रमा एक घण्टा चक्का जाम समेत गरे । उनीहरुले विद्यालयको विभिन्न शिर्षकमा सरकारले तोकेको शुल्क भन्दा तेब्बर शुल्क लिने गरेको र रसिद माग्दा नदिएको विषयमा बिरोध गर्दा अध्यक्ष र प्रअले कोठामा थुनेर निर्घात कुटपीट गरेको गुनासो गरेका छन ।

प्रअ सुनरैत र अध्यक्ष यादवले भने आफुहरुले विद्यार्थीसंग त्यस्तो कुनै व्यवहार नगरेको दाबी गरेका छन । राजविराज नगरपालिकाका कार्यबाहक नगरप्रमुख इसरत परवीनले विद्यार्थीहरुबाट आएको गुनासा उपर आवश्यक छानवीन थालिएको र दोषी पाइएका माथि कानुन बमोजिम कारवाही प्रक्रिया अघि बढाईने जनाएकी छिन ।

# छिन्नमस्ता १ बालविवाह मुक्त वडा घोषणा



**दैनिक समाचारदाता**
**राजविराज, २७ मंसिर ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिका वडा नं. १ लाई बालविवाह मुक्त वडा घोषणा गरिएको छ ।

वडा नं. १ को बरही बिरपुर खेलमैदानमा बुधबार आयोजित एक समाहरोबीच सो वडालाई बालविवाह मुक्त वडा घोषणा गरिएको हो ।

बालविवाह मुक्त वडा घोषणा गर्न गरिएको विभिन्न कार्यक्रम र अभियानका क्रममा स्पष्ट सूचक प्राप्त भएकाले त्यस कै आधारमा घोषणा गरिएको गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरीले बताए ।

उनका अनुसार सो वडामा

*बाँकी तीन पृष्ठमा*

# एक हजार ८ जना ठगीमा परेका मध्ये ७ सय ६० जनाको समस्या समाधान



**दैनिक समाचारदाता**
**राजविराज, २७ मंसिर ।**

सप्तरीमा बैदेशिक रोजगारको सिलसिलामा एक हजार ८ सय ७१ जना ठगीमा परेका छन् ।

राजबिराज नगरपालिका आयोजना तथा श्रम तथा यातायात मन्त्रालय र सामी/हेल्भेटास नेपालको सहयोगमा सुरक्षित बैदेशिक रोजगारका लागि प्रदेश र स्थानिय सरकारबीच अन्तरक्रिया कार्यक्रममा उक्त संख्यामा ६ वर्षको अवधीमा ठगीमा परेको जानकारी दिइएको छ ।

बैदेशिक रोजगारमा ठगीमा परेका १ हजार ८ सय ७१ जनाले आप्रवासी स्रोत केन्द्रमा उजुरी गरेका मध्ये ७ सय ६० जनाको समस्या समाधान गरिएको सामी/हेल्भेटास नेपालका सुशासन संयोजक कमल बहादुर रोकायले बताए ।

उनले भने ६ बर्षमा १६

*बाँकी तीन पृष्ठमा*

**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं**

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**रुपनी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

**जथाभावी फोहर नफालौं, सभ्य नागरिकको परिचय दिऔं**

- सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं।
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थललगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं।
- कुहिने, नकुहिने र पुनःप्रयोग हुने फोहरलाई छुट्टाछुट्टै राखौं।
- कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं।
- नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं।
- खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लास्टिकलगायतका बट्टा वा खोल जथाभावी नफालौं।

**शहर तथा गाउँ स्वच्छ र सफा राखौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### हरवा चरवाको समस्या समाधानतर्फ सरकार गम्भिर बन

पुस्तौदेखि अरुको जग्गामा मजदुरी गरेर जीविकोपार्जन गर्दै आएर साहु महाजनको खेतवारीमा काम गर्ने र वस्तुभाउ चराएपछि मात्र न्यून मजदुरी पाउने हरवा चरवाको अवस्था अहिले पनि विगत भैं रहेको छ। उनीहरु कानुनी रुपमा हाल मुक्ति त पाइसके तर व्यवाहरिक रुपमा अझै मुक्ति पाउन सकेका छैनन्। सरकारले एक वर्ष अघि नै हरवा चरवा प्रथा अन्त्य भएको घोषणा त गऱ्यो तर उनीहरुको जिवनचर्याका लागि अझै सरकारले गम्भिर बन्न सकेको छैन्। उनीहरु अहिले अर्काको जमिन जोत्दैनन् तर, उनीहरुको आफ्नो एक धुर पनि जमिन छैन्। यस्तो अवस्थामा सुकुम्वासी जिवन बिताइरहेका उनीहरुसँग जमिन छैन्, रोजगार छैन्, बालबालिकाहरु शिक्षा हासिल गर्न सक्ने अवस्था छैन्। सरकारले हरवा चरवा मुक्त घोषणा गरेपनि उनीहरुको आवास, गाँस र कपासको व्यवस्था गर्न सकेको छैन्। उनीहरु पुनः अर्काको जमिन समेत कानुनी बन्देजका कारण जोत्न सक्दैनन्।

आफ्ना जहान वालबच्चालाई एक पेट खुवाउन समेत कष्ट झेलिरहेका हरवा चरवाहरुको दशकौंदेखी अर्काको जमिन जोतेर गुजारा चलाइरहेको अवस्थामा भुमि, आवास, शिक्षा, सिप, विकास र स्वास्थ्यमा पहुँचको वातावरण सुनिश्चित गर्न सरकार चुकेको छ। बास्तविक हरचवा चरवाको तथ्याङ्क नरहेको अवस्थामा उनीहरुको पहिचान, लगत, प्रमाणिकरण तथा परिचय पत्र वितरण कार्य सुरु गरेर बास्तविक संख्या र अवस्था यकिन गर्न सरकार गम्भिर बन्नु आवश्यक छ।

यता वास्तविक हरवा चरवाको तथ्याङ्क नहुँदा अन्य वर्गले समेत लाभ लिन सक्ने अवस्था आएको छ। उनीहरु कानुनी लडाई जिते पनि सामाजिक लडाईमा भने अझै संघर्षरत नै छन्। तसर्थ दिनप्रति दिन मुद्दालाई लम्ब्याउनु भन्दा समयमै त्यसको निराकणर गर्न सके पक्कै पनि हरवा चरवाको समस्या समाधान हुने र उनीहरु पनि अन्य नागरिक सरह समाज विकासमा योगदान पुऱ्याउनेमा दुई मत नहोला।

# विदेश पठाउन फर्जी कागज बनाएको आरोपमा तीन अधिकृतसहित ३२ जना पक्राउ

काठमाडौँ, २७ मङ्सिर (रासस)।

काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रहरी टोलीले फर्जी कागजात बनाएर भिजिट भिसामा विदेश पठाउने गिरोहसँग मिलेर काम गरेको आरोपमा दुई अधिकृतसहित ३२ जनालाई पक्राउ गरेको छ।

ट्राभल एजेन्सी सञ्चालक र सरकारी कर्मचारीसहित गरी ३२ जनालाई पक्राउ गरिएको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी बरिष्ठ उपरीक्षक सोमेन्द्रसिंह राठौरले बुधबार यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिनुभयो। उहाँका अनुसार गत असोज १९ गतेदेखि हालसम्म नक्कली कागजपत्र बनाएर भिजिट भिसामा विदेश पठाउने गिरोहका ३२ जनालाई पक्राउ गरी आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइएको छ।

बुधबार पक्राउ पर्नेमा नेपाल बायुसेवा निगममा कार्यरत अधिकृत अरबिन्द यादब र अध्यागमन विभागमा कार्यरत अधिकृत नरवीर खड्का रहेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले राससलाई जानकारी दिनुभयो। उहाँका अनुसार पक्राउ परेका अधिकृतहरूले फर्जी कागजात बनाएर भिजिट भिसामा विदेश पठाउने गिरोहसँग मिलेर आर्थिक लाभ लिने गरेको प्रहरीको अनुसन्धानबाट खुलेको छ।

यसअघि सोही आरोपमा नेपाल बायुसेवा निगममा कार्यरत अधिकृत होमनाथ पोखरेललाई प्रहरीले पक्राउ गरेर अनुसन्धान गरिरहेको प्रवक्ता तथा प्रहरी उपरीक्षक रेग्मीले बताउनुभयो। उहाँले भन्नुभयो, "त्रिभुवन विमानस्थल सुरक्षा कार्यालयले सङ्कलन गरेर पठाएका एक हजार ३२ थान भिसासहितका कागजातबाट अनुसन्धान गर्दा गिरोहले पर्यटक भिसाका लागि फर्जी कागजात बनाई विदेश पठाउने गरेको भेटिएको हो।"

उक्त प्रकरणमा पक्राउ परेकामध्ये कन्सल्टेन्सी सञ्चालक छजना, प्रहरी एकजना, पूर्वप्रहरी एकजना, एयरलाइन्सका दुईजना र अन्य ११ जना रहेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ।

कार्यालयका अनुसार नौजनामाथि सङ्गठित अपराधमा र १२ जनामाथि लिखतसम्बन्धी कसुरमा अनुसन्धान भइरहेको छ। यसअघि आठजना भने धरौटीमा छुटिसकेका छन्।

ट्राभल एजेन्सीका सञ्चालकहरूमा वन्ट्रा ट्रिप अनलाइन ट्राभल्सका सञ्चालक मनुराज चौधरी, एचआर टुर्स एन्ड ट्राभल्सका सञ्चालक रामप्रसाद भण्डारी, होलिडेज एन्ड ट्राभल्सका सञ्चालक सरोज यादव, एसकेजे ट्राभल्सका सञ्चालक दिनेश ज्ञवाली, रिलेभेन्ट ट्राभल्सका सञ्चालक देवराज खनाल र एड्भान्स म्यानेजमेन्ट मल्टी ट्रेनिङ सेन्टरका सञ्चालक गणेश पाण्डे पक्राउ परेका छन्।

कागजात मिलाएबापत ट्राभल एजेन्सीहरूले प्रतिव्यक्ति रु १५ हजार लिने गरेका र अध्यागमन विभागका कर्मचारीहरूले नयाँको हकमा रु ५५ हजार र पुरानो (एकपटक विदेश पुगेर फर्किएका) हरूको हकमा भने रु ४० हजार लिने गरेको अनुसन्धानका क्रममा खुलेको प्रवक्ता रेग्मीले बताउनुभयो।

# मिथिलामा विवाहपञ्चमी उत्सवको रौनक

जलेश्वर, २७ मङ्सिर (रासस)।

मिथिलिमा एक सातासम्म भगवान् राम र माता सीताको विवाहका विभिन्न विधि सम्पन्न गरी प्रत्येक वर्ष मनाइने विबाहपञ्चमी उत्सवको रौनक देखिएको छ।

महोत्तरीको मटिहानीबाट राजा जनकको राजधानी धनुषाको जनकपुरधामसम्म प्रत्येक वर्ष एक सातासम्म विभिन्न कार्यक्रम गरी मनाइने बिबाह पञ्चमी उत्सवको रौनक यसपालि नेपाल र भारतका सम्पूर्ण मिथिला क्षेत्रमा देखिएको छ। त्रेता युगमा अयोध्याका राजा दशरथका छोरा भगवान् राम र जनकपुरका राजा जनकको छोरी सीताको विवाह यही जनकपुरमा भएको दिनलाई सम्झँदै प्रत्येक वर्ष अयोध्याबाट जनकपुर जन्ती आउने र बिबाह महोत्सव सम्पन्न गर्ने चलन रहँदै आएको छ। सो अवसरमा प्रत्येक बर्ष हजारौं साधु, सन्त, महात्मा, अयोध्यासहित भारतका प्रसिद्ध तथा प्रख्यात मठमन्दिरका महन्त, जोगी सन्यासी सो बिबाह महोत्सवमा उपस्थित हुने चलन छ।

सयौँ रथ, बाजागाजा, नाच तमासा, घोडा, हात्तीसहित जन्ती आउने चलन रहेको र अयोध्याबाट एक सातादेखि हजारौं जन्ती तथा लाखौं सर्वसाधारण जनकपुर आउने चलन छ। प्रत्येक बर्ष महोत्तरीको मटिहानी हुँदै जन्ती, लावालस्करसहित एक साता पहिलेदेखि नै जनकपुर जाने गर्दछन् भने मटिहानीस्थित लक्ष्मीनारायण मठमा पनि बिशेष पूजाअर्जना गर्ने चलन छ।

रामजानकी विबाह महोत्सवका लागि महोत्तरीको मटिहानीस्थित लक्ष्मीनारायण मठ अगाडि रहेको लक्ष्मी सागरबाट विवाहको वेदीको माटो खन्ने चलन रहेको छ। आगामी आइतबार जनकपुरमा हुने विबाह पञ्चमी महोत्सवका लागि अयोध्याबाट दुई दिन पहिलेदेखि नै साधु, सन्त, महात्मा र जन्ती नेपाल प्रवेश गर्न थालेकँ छन्। अयोध्याबाट आउने जन्ती पहिले महोत्तरीको मटिहानी प्रवेश गर्ने हुँदा मटिहानीवासीले जन्तीलाई फूलमाला, अबिरलगायतले स्वागत गर्ने चलन छ। जन्ती मटिहानीमा एक रात बिश्राम गरेर बिवाहपूर्व गरिने मटकोर विधि पनि सोही स्थानमा सम्पन्न गर्ने चलन रहेको लक्ष्मीनारायण मठका महन्थ रवीन्द्रदास वैष्णवले बताउनुभयो।

महोत्तरी, धनुषालगायत मिथिला क्षेत्रमा विवाह पञ्चमी उत्सव भएपछि मात्रै सर्वसाधारणले आफ्ना छोराछोरीको विवाह गर्ने परम्परा रहेकाले पनि यो उत्सव सबैले धुमधामसँग मनाउने गर्दछन्। बिबाह पञ्चमीका अवसरमा प्रत्येक वर्ष जनकपुरधाममा लाखौँ भक्तजन उत्सवमा सहभागिता जनाउने गर्दछन्।

बिबाह पञ्चमी उत्सवअन्तर्गत यसपालि यही मङ्सिर २६ गते जनकपुरधाम दर्शन, २७ गते फूलबारी लीला, २८ गते धनुष यज्ञ, २९ गते तिलकोत्सब, ३० गते मटकोर विधि तथा आगामी पुस १ गते स्वयम्बर तथा विबाह पञ्चमी (शुभबिबाह) र पुस २ गते राम कलेवाको कार्यक्रम तय गरिएको छ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569


## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

रुपनी गाउँ कार्यपालिकाको कार्यालय
रुपनी, सप्तरी

# नगर प्रमुखले अधिकृतलाई हाजिर गराउन खोज्दा विवाद भएपछि प्रहरीको गोली लागि एकको मृत्यु




**दैनिक समाचारदाता**
**बारा, २७ मंसिर ।**

बाराको सिम्रौनगढ नगरपालिकामा प्रहरी र आन्दोलनरत कर्मचारीबीच झडप हुँदा प्रहरीको गोली लागेर बुधबार एक जनाको मृत्यु भएको छ भने अर्का गम्भिर घाइते भएका छन् ।

मृत्यु हुनेमा सिम्रौनगढ १ का २५ बर्षीय लक्ष्मी मुखिया बिन रहेका बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले जानकारी दिएका छन् । मृतकको टाउकोमा गोली लागि घटनास्थलमै मृत्यु भएको प्रत्यक्षदर्शीले जनाएका छन ।

अर्का घाइते हरियरपुरका रहेको र उनको नारायणी अस्पतालमा उपचार भइरहेको छ । सिम्रौनगढ नगरपालिकाका नगर प्रमुख किशोरी साह कलवारले प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर गराउन लिएर जाने क्रममा आन्दोलनरत कर्मचारीहरुले हाजिर गर्न नदिएपछि सुरु भएको विवादले भिडन्तको रुप लिएको थियो ।

विवाद बढ्दै गएपछि स्थितिलाई नियन्त्रण लिन प्रहरीले हवाइ फायर गरेको थियो । प्रदर्शनकारीले प्रहरीमाथि ढुङ्गामुढा प्रहार गरेका थिए । प्रदर्शनकारीको आक्रमणबाट १० जना प्रहरी घाइते भएका बाराका प्रहरी उपरीक्षक सुरेश काफ्लेले जानकारी दिए ।

नगरपालिकाकामा कार्यरत स्थायी, करार र ज्यालादारी कर्मचारीहरुले लामो समयसम्म तलव नपाएपछि आन्दोलन गर्दै आएका थिए ।

आन्दोलनरत कर्मचारीहरुले वार्ता पछि मात्र कार्यकारी अधिकृतलाई हाजिर गराउनुपर्ने माग गरेका थिए । तर नगरप्रमुखले एकाएक कार्यकारी अधिकृतलाई हाजिर गराउन खोजेपछि भिडन्तको अवस्था आएको हो ।

### *छिन्नमस्ता १ ...*

२ हजार ६ सय पूरुष र २ हजार २ सय ८६ महिला गरि ५ हजार २९ जना जनसंख्या रहेको छ । वडाका विभिन्न समुदायका प्रतिनिधी, अगुवा लगायत स्सँग लामो बहसपछि बालविवाह हुन नदिने प्रतिबद्धता समेत आएको उनको भनाई छ ।

वडाअध्यक्ष ललन प्रसाद यादवले अभिभावकले समेत सन्तानको बालविवाह नगर्ने, नगराउने, कतै भए बहिष्कार गर्ने प्रतिबद्धता जनाएको बताए ।

बालविवाह मुक्त वडा घोषणा लेखिएको ब्यानर गाउँपालिका अध्यक्ष चौधरीले प्रमुख अतिथी पूर्व सिंचाई मन्त्री उमेश कुमार यादवलाई हस्तान्तरण गरेपछि ब्यानर बाचन गरेर बालविवाह मुक्त वडा घोषणा गरिएको थियो ।

बालविवाहले निम्त्याउने स्वास्थ्य, परिवारिक, समाजिक तथा आर्थिक समस्याका बारेमा सचेतना फैलाएर गरिएको घोषणाले समाजमा सकारात्मक प्रभाव पार्ने र भविष्यमा सानै उमेरमा विवाह गर्ने प्रवृति हराएर जाने उनले विश्वास समेत ब्यक्त गरे ।

बालिविवाह मुक्त पालिका बनाउने अभियानमा सेभ द सप्तरी तथा सेभ द चिल्ड्रेनको सहकार्यमा विभिन्न सचेतना कार्यक्रमहरु अभियान कै रुपमा अघि बढेको गाउँपालिकाले जनाएको छ ।

वडाअध्यक्ष ललन प्रसाद यादवको अध्यक्षतामा आयोजित घोषणा समारोहमा गाउँपालिका उपाध्यक्ष राजु देवी यादव, प्रमुख जिल्ला अधिकारी किरण थापा, प्रहरी उपरिक्षक गजुसिद्धि बज्राचार्य, बरखगणका प्रमुख सेनानी रमेश पाण्डे, सेभ द सप्तरीका ध्रुव प्रसाद देव, नरेन्द्र यादव, सेभ द चिल्ड्रेनका दिपक बुढाथोकी लगायतले बालबिवाह बिरुद्धको अभियानको सफलताको शुभकामना मन्तब्य ब्यक्त गरेका थिए ।

### *एक हजार ८ जना ...*

करोड ९० लाख ६१ हजार ५५ रूपैया क्षतिपुर्ति दिलाएको उनले प्रस्तुत गरेको प्रतिवेदनमा उल्लेख छ ।

यसैगरी सिरहामा ९ सय २० समस्या मध्ये ४ सय २४ जनाको समस्या सामाधान गरिएको छ भने २१ करोड ५३ लाख ६२ हजार ५ सय ६२ रूपैया क्षतिपुर्ति दिलाउन सफल भएको जनाइएको छ ।

कार्यक्रममा सामी/हेल्भेटास नेपालका प्रदेश प्रबन्धक बिजय ठाकुरले बैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित, उपलब्धीमूलक बनाउन र ठगी मुक्त बनाउन सबैको दायित्व रहेको जिकिर गरे ।

आप्रवासी हकहित संरक्षण केन्द्रका प्रदेश संयोजक जितेन्द्र सिन्हाले सरकारले एजेन्ट खारेज गर्ने तर हरेक गाउगाउमा एजेन्टहरूको बिगबिगी र ठगी बढेको बताउदै बैदेशिक रोजगारका लागि सुरक्षित बनाउन स्थानिय सरकार गम्भिर गम्भीर बन्नुपर्नेमा जोड दिए ।

उक्त अन्तरक्रिया कार्यक्रममा मधेश प्रदेश सरकारका श्रम तथा यातायात मन्त्री चन्दन सिंह र राजबिराज नगरपालिका कावा नगरप्रमुख ईसरत परबिनले संयुक्त रूपमा कार्यक्रमको उद्घाटन गरेका थिए ।


## महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**


## विश्व समाचार

### मानवअधिकार संरक्षणका लागि शान्ति र सुरक्षामा जोड

जेनेभा, २७ मङसिर (रासस/सिन्ह्वा) ।

संयुक्त राष्ट्रसङ्घ मानवअधिकार उच्चायुक्त भोल्कर टर्कले मङ्गगलबार मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा शान्ति र सुरक्षाको महत्वलाई जोड दिँदै सबै उपायहरूले अन्ततः तनाव रोक्न योगदान पुर्‍याउनुपर्ने बताउनुभएको छ । टर्कले मानव अधिकारको विश्वव्यापी घोषणाको ७५ औं वार्षिकोत्सवको स्मरणमा आयोजित कार्यक्रममा मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा शान्ति र सुरक्षा पहिलेभन्दा बढी आवश्यक भएको बताउनुभएको हो । मानवअधिकारलाई विश्वव्यापी सार्वजनिक हितको संज्ञा दिँदै टर्कले प्रत्येक व्यक्तिलाई शान्तिपुर्णरूपले बाँच्न पाउने अधिकार भएको र यसका लागि विश्वका नेताहरू एक हुनुपर्ने बताउनुभयो विश्वका नेताहरूलाई टर्कले मानव अधिकारको केन्द्रमा फर्की योगदान दिन आग्रह गर्नुभयो ।

### जीवाश्म ईन्धन अन्त्य गर्ने सम्झौताका लागि मस्यौदा प्रस्ताव तयार, अझै पूर्ण सहमति जुटेन

दुबई, २७ मङ्सिर (रासस/एएफपी) ।

संयुक्त राष्ट्रसङ्घको जलवायु सम्झौताको मस्यौदामा तेल, ग्यास र कोइला हटाउनका लागि कोप २८ ले सम्झौताका लागि मस्यौदा प्रस्ताव तयार गरेको छ । प्रस्तावमा राष्ट्रहरूबीचको गतिरोध तोड्ने अन्तिम प्रयासमा विश्वलाई जीवाश्म ईन्धनबाट टाढा रहन आह्वान गरिएको छ ।

रातभरिको वार्तापछि, दुबईमा कोप २८ शिखर सम्मेलनका लागि युएईका राष्ट्रपतिद्वारा प्रस्तावित पाठ, यदि अनुमोदन गरियो भने, अन्तर्राष्ट्रिय जलवायु सम्मेलनहरूको २८ वर्षको इतिहासमा सबै जीवाश्म ईन्धनहरूबाट निस्कने हरित गृह ग्यास अन्त्यका लागि सम्बोधन गरिएको पहिलो सहमति बन्नेछ । मस्यौदाले ‘ऊर्जा प्रणालीमा जीवाश्म ईन्धनबाट टाढा भई न्यायोचित, व्यवस्थित र न्यायसङ्गत तरिकाले समस्या कम गर्न र सन् २०५० सम्ममा जिवाश्मा इन्धनजन्य सङ्कट रोक्न विश्वले गरेको प्रयासले सफलता पाउनेछ ।

दस्तावेजमा पश्चिमी राष्ट्र, न्यून उचाइमा रही बढ्दो समुद्र र उष्णकटिन्धीय आँधीबेहरीको जोखिमको सामना गरिरहेका टापु राष्ट्रहरूले माग गरेको जिवाश्मा इन्धनको प्रयोगको चरणको अन्त्यबारे प्रत्यक्ष उल्लेख गरिएको छैन । कोप २८ को अध्यक्षताले करिब २०० राष्ट्रबाट सर्वसम्मत अनुमोदन प्राप्त हुने आशामा स्थानीय समयानुसार ५:३० बजे पूर्ण सत्रको निर्धारित गरेको थियो ।

संरक्षण समूह डब्लुडब्लुएफका स्टेफन कर्नेलियसले नयाँ मस्यौदालाई ‘अति आवश्यक सुधार’ भन्नुभएको छ । अझै पनि जीवाश्म ईन्धनको पूर्णरूपमा अन्त्यको अभावमा निराशा व्यक्त गर्छन् . उनले भने, “यदि यो पाठमा देशहरू सहमत भए भने, यसले महत्वपूर्ण क्षणको प्रतिनिधित्व गर्नेछ । दुबईमा आयोजना भएको कोप २८ सम्मेलन दुई हप्ताको अन्तरालपछि मङ्गलबार समाप्त हुने कार्यक्रम रहेको भएपनि जलवायु परिवर्तनका लागि देखिएको सङ्कटको मुख्य दोषी जीवाश्म ईन्धनको प्रयोगलाई कसरी सम्बोधन गर्ने भन्नेमा राष्ट्रहरूबीच सहमति खोज्न रतदारूकताका साथ छलफल जारी रहेकोले तालिका तन्किएको छ ।

संयुक्त अरब इमिरेट्सको राष्ट्रिय तेल कम्पनीका प्रमुखसमेत रहेका कोप २८ का अध्यक्ष सुल्तान अल जाबेरको नेतृत्वले कतै जीवाश्म ईन्धन उद्योग फेरि प्रबल हुनेमार्गलाई रोक्न असफल हुने त होइन भनी जलवायु अभियानकर्ताहरूले शङ्काको दृष्टिले हेरेका थिए । जाबेरले सोमबार एउटा मस्यौदा प्रस्ताव गर्नुभएको थियो, जसलाई राष्ट्रहरूले जीवाश्म ईन्धनको खपत र उत्पादनलाई अन्य बिकल्पहरूका साथै ‘घटाउन’ सक्छन् भन्ने सुझावका लागि धेरै कमजोर भनेर अस्वीकार गरिएको थियो ।

नयाँ मस्यौदाले जीवाश्म ईन्धनबाट हुने समस्यासहित कार्यहरूको श्रृङ्खलामार्फत योगदान गर्न सबै राष्ट्रहरूलाई स्पष्ट रूपमा ‘आह्वान’ गरेको छ । मस्यौदामा जीवाश्म ईन्धनमा ‘क्रमशः अन्त्य’ शब्द प्रयोग नगरे पनि यसले ‘निर्बाध कोइला इन्धन’को क्रमिकरूपमा नियन्त्रणका लागि योगदानको लागि प्रस्ताव गरेको छ । यसको अर्थ कार्बन उत्सर्जन कम गर्न कार्बन उत्सर्जनमा उल्लेख्य भूमिका खेल्ने र धेरै पर्यावरणविद्हरूद्वारा आलोचना गरिएको प्रविधि उद्योगलाई अवरोध गर्ने छैन । यसले ‘जीवाश्म ईन्धनलाई चरणबद्ध रूपमा हटाउन अपुग अनुदानहरूलाई बढाउन पनि आह्वान गरेको छ । यसले शीघ्ररूपमाम ऊर्जा क्षेत्रको कमजोरी वा केवल संक्रमणकाललाई सम्बोधन गर्दैन ।

पश्चिमा शक्तिहरूको समर्थन प्राप्त टापु राष्ट्रहरूले आफ्नो ‘मृत्युको अधि-पत्र’मा हस्ताक्षर नगर्ने प्रतिक्रिया दिएपछि जाबेरले नयाँ प्रस्ताव पेश गर्नुभएको छ । जाबेरले एक्स्पो सिटी कम्प्लेक्समा रहेको आफ्नो कार्यालयमा विश्वभरका वार्ताकारहरूसँग रातभर छलफल गर्नुभएको थियो । युरोपेली अधिकारीहरूले सम्झौताको भाषा खोज्न इच्छुक रहेको सङ्केत दिएका थिए भने अमेरिकी जलवायु दूत जोन केरीले वार्तामा ‘प्रगति’ भएको बताउनु भएको थियो ।

सन् २०१५ को पेरिस शिखर सम्मेलनले तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा नियन्त्रण गर्ने सहमति गरेको थियो, जुन पछिल्लो मस्यौदामा दोहोरिएको लक्ष्य हो, तर आलोचकहरूले तेल, ग्यास र कोइला नियन्त्रणका लागि गम्भीर प्रयास बिना लगभग यो असम्भव रहेको बताएका छन् । त्रब्राजिल र संयुक्त राज्य अमेरिकासहित युरोप, प्रशान्त, क्यारेबियन र अमेरिकाका १३० भन्दा बढी देशहरूले तेल, ग्याँस र कोइलाबाट निकासका लागि आह्वान गरेका छन् ।

ईयूका जलवायु प्रमुख वोप्के होक्स्ट्राले वार्तामा सहभागी करिब २०० देशमध्ये ‘भारी बहुमत’ जीवाश्म ईन्धनमा कडा कदम चाल्न चाहेको बताउनुभएको छ । साउदी अरब, कुवेत र इराक जीवाश्मा इन्धनलाई चरणबद्ध रूपमा बन्द गर्ने प्रस्तावको सबैभन्दा मुखर विरोधी हुन् र तेल उत्पादक राष्ट्रहरूको सङ्गठन (ओपेक)ले आफ्ना सदस्यहरूलाई जीवाश्म ईन्धनलक्षित कुनै पनि सम्झौता रोक्न आग्रह गरेको थियो ।

छिमेकी देश कतारमा मङ्गलबार आयोजित ऊर्जा सम्मेलनमा कुवेतका इन्धनमन्त्री साद हमाद नासेर अल बाराकले चरणबद्धरूपमा अन्त्य गर्ने यो प्रस्ताव 'नश्लवादी र औपनिवेशिक' प्रस्ताव भएको र यसले यस क्षेत्रको अर्थतन्त्रलाई ध्वस्त पार्ने बताउनुभएको थियो । इराकका पेट्रोलिया पदार्थमामिला हेर्ने मन्त्री हयान अब्दुल गनी अल साबदले भन्नुभयो “जीवाश्म ईन्धन सम्पूर्ण विश्वमा ऊर्जाको प्रमुख स्रोत रहनेछ ।”

# काठमाडौं महानगरपालिकामा सुर्तीजन्य पदार्थ बिक्रीमा प्रतिबन्ध

काठमाडौं, २७ मङ्सिर (रासस)।

काठमाडौं महानगरपालिकामा बुधबारदेखि सुर्तीजन्य पदार्थ बिक्री, प्रयोग र कारोबारमा प्रतिबन्ध लगाइएको छ।

महानगरले ३२ वटै वडामा सुर्तीजन्य पदार्थको बिक्रीमा पूर्ण निषेध गरिएको महानगरपालिका स्वास्थ्य विभागका प्रमुख रामप्रसाद पौडेलले जानकारी दिनुभयो। उहाँका अनुसार बुधबारदेखि प्लास्टिकमा प्याक गरिएका सुर्तीजन्य पदार्थको बिक्री, भण्डारण तथा प्रयोगलाई पूर्णरूपमा निषेध गरिएको छ।

प्लाष्टिकमा प्याक गरिएका कच्चा सुर्ती, खैनी, बिंडी, तम्बाखु, सुल्फा, गुट्खा, पानपराग वा यस्तै प्रकृतिका मुखमा राखेर रस लिने सुर्तीजन्य पदार्थको भण्डारण, बिक्री र प्रयोग गर्न नपाइने भन्दै महानगरपालिकाले यही मङ्सिर १२ गते सार्वजनिक सूचना जारी गरेको थियो। कसैले बिक्री वितरण गरेको पाइए नगर प्रहरीमार्फत त्यस्ता किसिमका सामग्री जफत गरी कारबाही गरिने सूचनामा उल्लेख छ। सुर्तीजन्य वस्तुको प्रयोगले व्यक्तिको स्वास्थ्यमा पारिरहेको नकारात्मक असर रोक्न ऐनको व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गर्न लागिएको स्वास्थ्य विभागका प्रमुख पौडेलले बताउनुभयो।

महानगरले गत असोज १ गतेदेखि सार्वजनिक ठाउँमा चुरोट र सुर्ती खान रोक लगाएको थियो। महानगरले सार्वजनिक ठाउँ, विमानस्थल, सार्वजनिक शौचालय, मठमन्दिर, पाटीपौवा, विद्यालय, स्वास्थ्य संस्था, बाल तथा वृद्धाश्रम, पसल, पार्कलगायत क्षेत्रमा चुरोट नखान पनि आग्रह गरेको छ। अटेर गर्नेलाई कारबाही गरिने काठमाडौं महानगरले जनाएको छ।

# आर्थिक मन्दीले पर्साका १७७ उद्योग बन्द

पर्सा, २७ मङ्सिर (रासस)।

आर्थिक मन्दीका कारण पर्सामा आर्थिक वर्ष २०७९/८० मा एक सय ७७ उद्योग बन्द भएका छन्। घरेलु तथा साना उद्योग कार्यालयका अनुसार आर्थिक वर्ष २०७९/८० मा एक सय ७७ उद्योगले लगत कट्टा गराएका छन्। आव २०७८/७९ मा पर्सामा एक सय ५२ उद्योगले लगत कट्टा गरिएका थिए।

बैङ्क तथा वित्तीय संस्थाबाट ऋण लगानी नहुनु, पुँजीको अभावलगायत कारणले उद्योगहरूको धमाधम बन्द भएका घरेलु तथा साना उद्योग कार्यालय प्रमुख धनञ्जयकुमार सिंहले बताउनुभयो।

घरेलु तथा साना उद्योग कार्यालयमा आर्थिक वर्ष २०७९/८० मा एक हजार ८९ नयाँ उद्योग दर्ता भएका थिएभने आव २०७८/८९ मा एक हजार चार सय ८० उद्योग दर्ता भएका थिए। आव २०७९/८० मा एक हजार दुई सय ७५ उद्योगको नवीकरण, एक सय ६५ वटाको पुँजीवृद्धि, ३३ वटाको ठाउँसारी र ८४ वटाको नामसारी भएको सो कार्यालय जनाएको छ। आर्थिक वर्ष २०७९/८० मा रु एक करोड ६ लाख ३९ हजार दुई सय ५० राजस्व सङ्कलन भएको थियो। उक्त आवमा चार हजार चार सय ६० जनाले रोजगारी पाएको प्रमुख सिंहले राससलाई बताउनुभयो।

# A डिभिजन क्रिकेट प्रतियोगिता (पुरुष) सम्बन्धि सुचना

दोश्रो पटक प्रकाशित मिति : 2080।08।26 गते।

सप्तरी क्रिकेट संघको आयोजनामा सप्तरी जिल्ला स्तरीय A डिभिजन क्रिकेट प्रतियोगिता (महिला/पुरुष) आयोजना हुने भएकोले सप्तरी जिल्ला भित्र रहेका क्लब वा टिमले यो सुचना प्रकाशित मितिले 3 दिन भित्र आफनो टिमको नाम दर्ता गर्न हुन यसै सुचनाद्धारा जानकारी गराईन्छ। प्रतियोगिताको नियम तथा शर्तहरु निम्नानुसार हुनेछ।

नियम तथा शर्तहरु :

१ प्रतियोगितामा यस संघमा आवद्ध रहेको क्लबहरु अनिवार्य रुपमा प्रतियोगितामा सहभागि हुनु पर्नेछ। प्रतियोगिता सहभागिता शुल्क रु. 5000।00 मात्र राखिएको छ।

२ नयाँ दर्ता हुने टिमहरु 2 भन्दा बढि भएमा क्वालिफायर खेली टप 2 मा हुने टोलीले A डिभिजन प्रतियोगिताको लागि छनौट हुनेछ भने बाकि टोलि अर्को बर्ष हुने B डिभिजनका लागि सहभागिता जनाउन सक्नेछ।

३ यस बर्ष टप 6 मा हुने टोलि अर्को बर्ष हुने A डिभिजनका लागि सोझै प्रवेश पाउने छ भने बाकि टोलि रेलिगेशनमा परि अर्को बर्ष B डिभिजन खेली टप 2 मा परेमात्र A डिभिजनका लागि छनौट हुनेछ।

४ खेल रंगिन जर्सिमा 40 ओभरको हुनेछ। जर्सि तथा आवश्यक सामाग्रिको व्यवस्था टिमहरुले आफै गर्नु पर्नेछ।

५ प्रतियोगिता पुरुष र महिला दुवै हुने भएकोले टिम दर्ता गर्दा महिला हो कि पुरुष स्पष्ट लेखि खेलाडि नामावली सहित पेश गर्नु पर्नेछ।

६ प्रतियोगितामा सप्तरी जिल्लाका खेलाडि बाहेकले खेल्न पाउने छैन।

थप जानकारीको लागि सम्पर्क नम्वर : 9805981384 (निरज सिंह), 9801577918 (चन्दन यादव), 9861155773 (शम्भु दास)

www.saptaricricket.com

प्राथी :
सप्तरी क्रिकेट संघ
राजबिराज सप्तरी

# सचेत रहन वैदेशिक रोजगार विभागको आग्रह

काठमाडौं, २७ मङ्सिर (रासस)।

वैदेशिक रोजगार विभागले इजरायलमा रोजगारीको प्रलोभन देखाउने विभिन्न व्यक्ति तथा समूह सक्रिय रहेको जनाउँदै सचेत रहनआग्रह गरेको छ। नेपाल सरकार र इजरायल सरकारबीचको श्रम सम्झौता बमोजिम मात्रै इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा नेपालबाट सहायक कामदार पठाउने काम भइरहेको विभागका प्रवक्ता तथा सूचना अधिकारी कविराज उप्रेतीले जानकारी दिनुभयो।

उहाँका अनुसार इजरायलको कृषि क्षेत्रमा नेपाली श्रमिक लैजाने विषयमा इजरायलसँग छलफल भइरहे पनि यस विषयमा कुनै पनि निर्णय भइसकेको छैन। वैदेशिक रोजगार विभागले सार्वजनिक सूचना प्रकाशित गरी कृषि क्षेत्रको 'लर्न एण्ड अर्न' कार्यक्रम तथा अरु क्षेत्रमा रोजगारीको अवसर जनाउँदै ठगी गर्ने गिरोह सक्रिय रहेको भन्दै सचेत रहन आग्रहसमेत गरेको छ।

यस्तो खालको ठगीका सम्बन्धमा सुक्ष्म अनुसन्धान भइरहेको र यस्ता सूचना तथा गिरोहको प्रलोभनमा नपर्न विभागद्वारा प्रकाशित उक्त सूचनामा उल्लेख गरिएको छ। इजरायलका विभिन्न क्षेत्रमा रोजगारीको प्रलोभन देखाइ विभिन्न व्यक्ति तथा समूहले गैरकानुनी रूपमा प्रलोभनमा पारी रकम उठाउने गरेको सूचना विभागमा आएकाले सचेत रहन आग्रह गरिएको प्रवक्ता तथा सूचना अधिकारी उप्रेतीले राससलाई बताउनुभयो।

उहाँले भन्नुभयो, "इजरायलका विभिन्न क्षेत्रमा रोजगारीको प्रलोभन देखाई पैसा माग्ने गरेको भन्ने सूचना हामीलाई प्राप्त भएको छ, हामी छानबिन गर्दैछौं।"

# पाँच हजार मिटरब्याज पीडितका समस्या समाधान

काठमाडौं, २७ मङ्सिर (रासस)।

सरकारद्वारा गठित अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोगले निवेदन परेका २८ हजारमध्ये पाँच हजार एक सय ५५ उजुरीमा मिलापत्र गरेको छ।

आयोगका सदस्य पूर्वअतिरिक्त प्रहरी महानिरीक्षक उत्तमराज सुवेदीका अनुसार आयोग गठन भएपछि यसरी मिलापत्र गरी दुई सय १८ बिघा १० कट्ठा सात धुर जग्गा (७९३ कित्ता) साहुबाट पीडितलाई फिर्ता गराइएको छ।

अध्ययनका क्रममा पीडित र साहुबीच रू पाँच अर्ब ५७ करोड १९ लाखको लिखत कारोबार भएको पाइएको तर साहुहरूले रू सात अर्ब ६२ करोड ८० लाख असूल हुन बाँकी रहेको भनेर दाबी गरेका पाइएको थियो। त्यसमध्ये कुल रू एक अर्ब ७२ करोड ८६ लाखको कारोबार दुवै पक्षबीचको सहमतिमा मिलापत्र गरी टुङ्ग्याइएको आयोगले जनाएको छ।

अहिलेसम्मको मिलापत्रपछि साहुको लिखत रू पाँच अर्ब ८९ करोड ९३ लाखबाट घटेर रू चार अर्ब १७ करोड ६ लाखमा आइपुगेको समेत आयोगले जानकारी दिएको छ। आयोगले विसं २०८० वैशाख १७ देखि जेठ १४ गतेसम्म पीडितको निवेदन सङ्कलन गरेको थियो। मधेसका आठ जिल्लाबाट २१ हजार पाँच सय ५२ र पश्चिम नवलपरासीबाट एक हजार आठ सय ६२ निवेदन परेका थिए। सबैभन्दा बढी निवेदन बारामा परेको थियो।

आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले अनुचित लेनदेनको केन्द्र मधेस प्रदेश र पश्चिम नवलपरासी देखिएको बताउनुभयो। उहाँका अनुसार हिजो मङ्गलबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई आयोगले बुझाएको उक्त प्रतिवेदनमा जिल्लागत विवरण र समाधानको विकल्प प्रस्तुत गरिएको छ। दुईचार निवेदन परेका र अहिलेसम्म सुल्झिसकेका २९ जिल्लासमेत गरी ३९ जिल्लामा अनुचित लेनदेनको समस्या नरहेको अध्यक्ष कार्कीले जानकारी दिनुभयो।

सरकारले द्रुतमार्गबाट गत चैतमा पूर्वन्यायाधीश कार्कीको अध्यक्षतामा गठन गरेको तीन सदस्यीय अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोगमा उत्तमराज सुवेदी र गणेशप्रसाद अर्याल सदस्य हुनुहुन्छ। अनुचित लेनदेनको उजुरी तथा समस्यालाई गृह मन्त्रालय र अन्तर्गतका जिल्ला प्रशासन कार्यालयले टुङ्ग्याउने गरी आयोगले प्रतिवेदन बुझाएको छ। संसद्ले यससम्बन्धी कानुनसमेत पारित गरी कार्यान्वयनमा आइसकेको छ।

# बालविवाह विरुद्ध अपील

## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनत: विवाह गर्ने उमेर २० वर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालबालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालविवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले विवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालविवाह गर्न वा गराउन हुँदैन भन्ने व्यवस्था गरेको छ। उपदफा १ बिपरित भएको बिवाह स्वत:बदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने व्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

**अनुरोधकर्ता**

**खडक नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*